नेपाल सरकार
अर्थ मन्त्रालय
राजस्व अनुसन्धान विभग

म.नि.- ५५२७८८५
उ.म.नि.- ५५५१८०२
कन्ट्रोल रुम- ५०१००८५
एक्सचेन्ज- ५०१०१०६
५५४२०२३
टोल फ्रि - १६६०-०१-५५०००
हरिहरभवन, पुल्चोक, ललितपुर

प.सं.: ०८१/८२
च.नं.

# प्रेस विज्ञप्ति

राजस्व अनुसन्धान विभागले राजस्व चुहावट सम्बन्धी कसूरमा अनुसन्धान तथा तहकिकात सम्पन्न गरी साविक गोरखा जिल्ला, गोरखा नगरपालिका वडा नं.६ स्थायी वतन भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २६ सामाखुशी बस्ने वर्ष ७८ को बिनोद कुमार श्रेष्ठ विरुद्ध श्री ललितपुर जिल्ला अदालत, लगनखेल, ललितपुरमा मिति २०८२/०९/१७ गते सुनचाँदी तथा रकम धारण गरी सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) गरेकोमा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २२(२) बमोजिम जिल्ला सरकारी वकील कार्यालय मार्फत मुद्दा दायर गरेको छ ।

जिल्ला प्रहरी परिसर, भद्रकाली, काठमाडौंले बिनोद कुमार श्रेष्ठको घर/कोठामा खानतलासी गरी अवैध सुनचाँदीका गरगहना र नगदसहित निजलाई नियन्त्रणमा लिई मिति २०८२।०५।१८ गतेको प्रतिवेदन साथ आवश्यक कारबाहीको लागि बरामदित मुचुल्कामा उल्लिखित सुनचाँदीका गरगहनाहरुसहित निज बिनोद श्रेष्ठलाई यस विभागमा पेश गरेकोमा अनुसन्धान तथा तहकिकात सम्पन्न गरी प्रतिवादी विनोद कुमार श्रेष्ठले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ को दफा ३ विपरीतको कार्य गरी दफा ४ को (क), (ख), (छ) र (झ) को कसूर गरेको देखिएको हुदाँ प्रतिवादी बिनोद कुमार श्रेष्ठलाई बिगो रु. १५,०६,८८,२६९।- (अक्षरेपी पन्ध्र करोड छ लाख अठासी हजार दुई सय उनान्सत्तरी रुपैयाँ मात्र) कायम गरी सोही ऐनको दफा २३(१) बमोजिम बरामद सुनचाँदीका गरगहनाहरु जफत गरी शतप्रतिशत जरिवाना हुन र सोही ऐनको दफा २३(१)(घ) बमोजिम सजाय समेत हुन र प्रतिवादी बिनोद कुमार श्रेष्ठको घर/कोठाबाट बरामद भएको नगद नेपाली रुपैयाँ रु.४,२५,५०,०००/-(अक्षरेपी चार करोड पच्चीस लाख पचास हजार रुपैयाँ मात्र) सोही कसूरबाट आर्जित रकम रहेको देखिँदा सोही ऐनको दफा ३३ र कसूरजन्य सम्पति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन,२०७० को दफा ११(१) बमोजिम जफत हुन र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम क्षतिपूर्ति शुल्क बापतको रकम भराई पाउन समेतको मागदाबी लिई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन,२०५२ को दफा २०(६) बमोजिम मिति २०८२/०९/१६ गते सम्मानित ललितपुर जिल्ला अदालत, लगनखेल, ललितपुर समक्ष अभियोग पत्र दायर गरिएकोमा उक्त कसुर निजले सुनचाँदीको गरगहना तथा रकम धारण गरी गरेको अनुसन्धानबाट देखिँदा यस विभागबाट सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) तर्फ समेत अनुसन्धान गरी राय सहित जिल्ला सरकारी वकील कार्यालय, ललितपुरमा मिसिल पेश भएकोमा प्रतिवादी बिनोद कुमार श्रेष्ठले बरामद भएको सुन,चाँदीको गरगहना र रकम समेत गरी जम्मा हुन आउने विगो रु. १९,३२,३८,२६९।- (अक्षरेपी उन्नाइस करोड

नेपाल सरकार
अर्थ मन्त्रालय
# राजस्व अनुसन्धान विभग

म.नि.- ५५२७८८५
उ.म.नि.- ५५५१८०२
कन्ट्रोल रुम- ५०१००८५
एक्सचेन्ज- ५०१०१०६
५५४२०२३
टोल फ्रि - १६६०-०१-५५०००

हरिहरभवन, पुल्चोक, ललितपुर

प.सं.: ०८१/८२
च.नं.

बत्तीस लाख अड्तीस हजार दुई सय उनान्सत्तरी रुपैयाँ मात्र) को सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय (क) (ख) (ग) ले निषेधित कार्य गरी ऐ. उपदफा (३) बमोजिमको सम्पत्ति शुद्धीकरणको कसूर गरेको हुँदा निज प्रतिवादीलाई सोही विगो कायम गरी सोही ऐनको दफा २९ का आधारमा निजलाई ऐ.ऐ.को दफा ३०(१) बमोजिम सजाय हुन र बरामदित सुनचाँदीको गरगहना तथा नगद रु.४,२५,५०,०००/- सोही ऐनको दफा ३४ को उपदफा १ को देहाय (क) बमोजिम जफत हुन समेतको मागदाबी लिई सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २२(२) बमोजिम मिति २०८२/०९/१७ गते सम्मानित ललितपुर जिल्ला अदालत, लगनखेल, ललितपुर समक्ष यस विभागको राय बमोजिम जिल्ला सरकारी वकील कार्यालय, ललितपुर मार्फत अभियोग पत्र दायर भएको छ।

२०८२/०९/१८

मिति: २०८२/०९/१८

(कृष्ण कुमारी श्रेष्ठ)
उपमहानिर्देशक/प्रवक्ता

फ्याक्स : ५५४२०२३ ईमेल-info@dri.gov.np, website : www.dri.gov.np

CamScanner